## मिति २०८१/७/२८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. योजनामा स्थानीय निर्माण सामाग्री प्रयोग सम्बन्धमा ।
२. नदीजन्य पदार्थ जफत तथा विकी सम्बन्धमा ।
३. आय फिर्ता अर्न्तगतका योजना छनौट सम्बन्धमा ।
४. होर्डिङ्ग वोर्ड राख्ने सहमती सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

प्रमाणित प्रतिलिपि

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समिति अर्घाखाँचीको मिति २०८०/४/२९ को स्थानीय विकास निर्माणमा स्थानीय सामग्री प्रयोग गर्न अनुमती दिने निर्णय अनुसार शितगंगा नगरपालिका क्षेत्र भित्र हुने विकास निर्माणका कार्यमा स्थानीय निर्माण सामाग्री ढुङ्गा, मिस्कट, बालुवा को अभाव हुन नदिन नगरपालिकाको जुनसुकै उपयुक्त क्षेत्रबाट वातावरण मैत्री तवरले, सार्वजनिक/सरकारी भौतिक संरचना, निजी जग्गा तथा संरचना आदीलाई कुनै असर नपर्ने गरी मापदण्डको पूर्ण पालना गर्ने गरी प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउने । उपभोक्ता समिति/निर्माण व्यवसायीले स्थानीय स्तरका योजना निर्माण तथा स्तरोन्नती गर्न गरेको सम्झौता बमोजिम लाग्ने स्थानीय निर्माण सामाग्री संकलन तथा ढुवानीको लागि माग गरेमा प्राविधिक प्रतिवेदन (ल.ई.) को सिमा सम्म प्रयोग गर्न अनुमती दिने र सो बरावरको रोयल्टी नगरपालिकाबाट संचालन हुने योजनाहरुको हकमा भुक्तानी गर्दा कट्टा गरी भुक्तानी गर्ने, अन्य कार्यालयहरुबाट निर्माण हुने योजनाहरुको लागि उपभोक्ता समिति/निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रोयल्टी बापतको रकम कट्टा गरी यस नगरपालिकाको खातामा जम्मा गरी भुक्तानी गर्ने व्यवस्था मिलाउन सम्बन्धित कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व.मा शितगंगा नगरपालिका वडा नं. ११ मा पर्ने खयरभट्टी खोलाको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको लागि ठेक्का व्यवस्थापन भई खयरभट्टी पुच्छारको दुर्गा बहादुर काउछाको जग्गामा डम्पीङ्ग गर्ने कममा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम रातापहरा क्षेत्रबाट उत्खनन् गरी थुपारिएको नदीजन्य पदार्थ यस कार्यालयबाट नाँपजाँच गर्दा सम्झौता भन्दा बढी परिमाण संकलन हुन गएकोले सोही परिमाणलाई छुट्टाई दुर्गा बहादुर काउछाको जग्गामा रहेको पश्चिम पट्टी (वायाँ तर्फ) को ७२०० घ.मी.नदीजन्य पदार्थ निर्माण व्यवसायीको छोडी पूर्व तर्फको वडा कार्यालयले हेरालु व्यवस्थापन गरी संरक्षण गरी राखेको ३४०९ घ.मी नदीजन्य पदार्थ जफत गरी विकी गर्ने साथै गत आ.व.मा ठेक्का व्यवस्थापन भएका तथा नभएका खोलाहरुको समेत अनुगमन गरी कही कतै नदीजन्य पदार्थ थुपारेको पाईएमा जफत गरी विकी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा आय फिर्ता शिर्षकमा विनियोजित रकमबाट गत आ.व.मा आय ठेक्काबाट राजस्वमा योगदान गरेका तपशिलका वडाहरुलाई प्रभावित क्षेत्रको विकासको लागि तपशिल वमोजिमको योजना तथा कार्यक्रम संचालनको लागि बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि. नं | योजना तथा कार्यक्रमको नाम र ठेगाना | बजेट रकम रु |
|---|---|---|
| १ | वडा कार्यालय भवन कम्पाउण्ड वाल निर्माण शिनपा ११ (रोजगार कार्यक्रमसँग म्याचिङ्ग) | २०००००।- |
| २ | सम्भु आ.वि. छात्रवास निर्माण शिनपा ११ (रोजगार कार्यक्रमसँग म्याचिङ्ग) | १२००००।- |
| ३ | वडा कार्यालय सभाहल निर्माण शिनपा १४ | २३००००।- |
| ४ | वडाका शाखा मो.वा. मर्मत शिनपा १४ | १२००००।- |
| ५ | लाहापे लिफ्ट सिंचाई कुवा मर्मत शिनपा ८ | १०००००।- |
| ६ | सातमारा सहकारी जाने बाटो स्तरोन्नती शिनपा ८ | २०००००।- |
| ७ | वडा कार्यालय हल निर्माण शिनपा ८ | ६५००००।- |
| | जम्मा | १६२००००।- |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन तथा यातायात मन्त्रालय पर्यटन विकास परिषद् बुटवलको च.नं.४२ मिति २०८१/८/४ गतेको पत्र आजको बैठकमा जानकारी भयो । उक्त पत्रमा उल्लेख भएअनुसार यस नगरपालिका क्षेत्र भित्रका सुपादेउराली मन्दिर क्षेत्र, डमरुदह क्षेत्र, सूर्य ओडार, साउनेथुम पद मार्ग, बराहदह क्षेत्र, धानखोला महादेव गुफा त्रिनेत्र क्षेत्र, कालिका माई मन्दिर क्षेत्र ठाडा, अमिता पार्क, अमिता गुफा, रावणको शंख, राजारानी गुफा, बाणगंगा धाम भेडामारे क्षेत्र, झाकीझकेनी, भुतेकारह क्षेत्र, मगराकोट मन्दिर क्षेत्र, कागती बगैचा शिनपा १०, कृष्णसेन पार्क, बग्रबाजे मन्दिर, लामाताल बरकोरुख लगायतका पर्यटकीय क्षेत्रमा होडिङ्ग वोर्ड राख्न सहमती दिने निर्माण गरियो ।